**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**
**BROADCAST: 18:40 hrs Date: 05.07.2025**

**कैलाश- मानसरोवर यात्रा**

कैलाश मानसरोवर यात्राको चौथो समूह आज सिक्किमको शेराथाङ पुगेको छ। समूहमा 40 यात्रीहरू छन्।

सिक्किमका राज्यपाल ओम प्रकाश माथुरले नथूलाबाट 20 जूनका दिन 36 यात्रीहरूको पहिलो समूहलाई झण्डा देखाई यात्राको शुभारम्भ गर्नुभएको थियो।

उत्तराखण्डमा पनि मुख्यमन्त्री पुष्कर सिंह धामीले आज चम्पावत जिल्लामा टनकपुरबाट कैलाश मानसरोवर यात्राको पहिलो समूहलाई झण्डा देखाई यात्रा शुभारम्भ गर्नुभयो। यसमा विभिन्न राज्यहरूबाट लगभग 50 तीर्थयात्रीहरू शामेल छन्। यी राज्यहरूमा – गुजरात, दिल्ली, राजस्थान, महाराष्ट्र, उत्तरप्रदेश, पश्चिम बंगाल, तेलंगाना र छत्तीसगढ़ रहेका छन्।

**दलाई लामा- धर्मशाला**

हिमाचल प्रदेशको धर्मशालामा 14 औं दलाई लामाको 10औं जन्मदिवसको शुभ अवसरको बेला संसदीय मामिला मन्त्री किरेन रिजिजू, अरूणाचल प्रदेसका मुख्यमन्त्री पेमा खान्डू र सिक्किम सरकारको धर्म विभागका मन्त्री सोनम लामाले सिक्किम राज्यको प्रतिनिधित्व गर्नुभएको थियो।

यस अन्यंत महत्वपूर्ण अवसरमा दलाई लामाको दीर्घायुका लागि प्रार्थना गर्दै, अहिन्सा करूणा र सार्वभौमिक जिम्मेदारीको उहाँको सन्देशले विश्वलाई प्रकाशमान पारोस भनि कायन पनि गरियो।

**CRC- सिक्किम**

राष्ट्रीय locomotor अक्षमता संस्थान NILD Kolkata अन्तर्गत रहेको दिव्याँङजनहरूको सीप विकास पुनर्वास तथा सक्तिकरणका लागि समग्र क्षेत्रीय केन्द्र र भारत सरकारको सामाजिक तथा अधिकारिता मन्त्रालयले, सिक्किमको वरिष्ठ नागरिक र दिव्याँङजन कल्याण लुम्से पाँच माईलमा महिला तथा बाल विभागले 3 र 4 जुलाईका दिन भारतीय सांकेतिक भाषा संबधमा प्रशिक्षण कार्यक्रम आयोजित गरेको थियो।

**मुख्यमन्त्री –ICAR**

मुख्यमन्त्री प्रेम सिंह विशेष मार्गनिर्देशनमा अप्पर तादोङ समष्टि अन्तर्गत डाँड़ा गाँउदेखि लिङदिङ सम्म ICAR सड़क चौड़ाई कार्यको आज सिक्किम सरकारका मन्त्रीहरू- G. T ढुँगेल, भोजराज राई, पिन्छो नामगेल लेप्चा र पुरण कुमार गरूङले संयुक्त निरीक्षण गरे। यो सड़क चौड़ाई कार्य, स्थानीयहरूको लामो समयदेखिको माग रही आएको थियो।

**IYC सिक्किम**

सिक्किम सहकारी दुग्ध उत्पादक संघ लिमिटेडले भारत सरकारको सहकारिता मन्त्रालयका निर्देशहरू अनुरूप एक देखि 6 जुलाई सम्म अंतर्राष्ट्रीय सहकारिता साता मनाई रहेको छ।

यो आयोजन अंतर्राष्ट्रीय सहकारी वर्ष 2025 को एक भाग हो। यो वर्ष, अन्तर्राष्ट्रीय सहकारी दिवस आज 5 जुलाईका दिन मनाइन्दैछ। यसको वैश्विक विषयवस्तु हो सहकारी एउटा राम्रो विश्वका लागि समावेशी र दीगो समाधान।

**सिक्किम सहकारिता दुग्ध उत्पादक संघ लिमिटेडका गान्तोक र जोरथाङ कैम्पसहरूमा यो साता मनाइन्दैछ।**

**स्ट्रेन्थ लिफ्टिङ- सिक्किम**

**थाइलैण्डमा 16 देखि 19 जुलाई सम्म हुनेभएको 12 औं विश्व स्ट्रेन्थ लिफ्टिङ एण्ड इन्लाइन बिच प्रेस(Strength lifting And Incline Bench Press) च्याम्पेन्शीप 2025 मा सिक्किमका 20 स्ट्रेन्थ लिफ्टिर हरूले देशको प्रतिनिधित्व गर्दै भाग लिनेभएका छन्। 61 ( एकसठी) सदसीय टिम इण्डिया को उनीहरू भाग हुनेछन् जसमा 56 लिफ्टर अनि 5 अधिकारीहरू छन।**

**सिक्किम स्ट्रेन्थ लिफ्टिङ एसोसिएसनका कार्यकारी अध्यक्ष एलेन तारगेनले सिक्किमका लागि यो गर्वको क्षण भएको बताए।**

**मौसम**

**स्थानीय मौसम विज्ञान विभागले दिएको जानकारी अनुसार  गान्तोक र वरपरका क्षेत्रमा आजको अधिकतम तापमान 21.1 डिग्री सेलसियस र न्यूनतम तापमान 18.5 डिग्री सेलसियस रेकार्ड गरियो।**

**भोलि सामान्यतः आकाशमा बादल छाउने फाटफुट पानी पर्ने अनि मेघगर्जनका साथ वर्षा हुन  संभावनाछ। अधिकतम तापमान 22 डिग्री सेलीसय र न्यूनतम तापमान 19 डिग्री सेलसियस रहने पूर्वानुमान छ।**